# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४४) काठमाडौं, चैत १३ गते २०५१ साल (संख्या ४६


## भाग ३

श्री ५ को सरकार

### स्वास्थ्य मन्त्रालयको सूचना

#### स्वास्थ्यकर (धुम्रपान तथा मदिरा दस्तुर) कोष नियमावली, २०५१

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "स्वास्थ्यकर (धुम्रपान तथा मदिरा दस्तुर) कोष नियमावली, २०५१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "कोष" भन्नाले नियम ३ बमोजिम स्थापना भएको स्वास्थ्यकर (धुम्रपान तथा मदिरा दस्तुर) कोष सम्झनुपर्छ ।

(ख) "समिति" भन्नाले नियम ७ बमोजिम गठन भएको कोष संचालक समिति सम्झनुपर्छ।

३. कोषको स्थापनाः (१) स्वास्थ्यकर (धुम्रपान तथा मदिरा दस्तुर) कोष नामको एक कोषको स्थापना गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कोषलाई आवर्ति कोष (रिवल्विङ फण्ड) को रूपमा संचालन गरिनेछ ।

४. कोषमा रहने रकमः कोषमा देहायका रकमहरू रहने छन्ः-

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) नियम ५ बमोजिम प्राप्त हुने रकम,

(ग) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

५. कोषमा रकम जम्मा गर्नेः (१) सालबसाली आर्थिक एनद्वारा लगाइने धुम्रपान तथा मदिरा दस्तुरबाट उठेको रकम कोषमा जम्मा गरिनेछ ।

(२) उपनियम (१) बमोजिम कोषमा रकम जम्मा गर्ने जिम्मेवारी त्यस्तो कर उठाउने कार्यालयको हुनेछ ।

(३) उपनियम (१) र (२) बमोजिम कोषमा रकम जम्मा गर्ने सम्बन्धी अन्य व्यवस्था समितिले तोके बमोजिम हुनेछ ।

६. कोषको प्रयोगः कोषको रकम वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालको स्थापना, संचालन, क्यान्सर रोगको रोकथाम, निदान, उपचार र निवारण गर्ने कार्य तथा क्षयरोग तथा यस्तै अन्य रोगको रोकथाम सम्बन्धी कार्य वा कार्यक्रम संचालन गर्नको लागि खर्च गरिनेछ ।

७. कोष संचालक समितिः (१) नियम ६ बमोजिमको कार्य वा कार्यक्रमको छनौट गरी सो को लागि आवश्यक रकम विनियोजन गर्ने तथा त्यस्ता कार्य वा कार्यक्रमको अनुगमन गर्ने देहाय बमोजिमको अध्यक्ष तथा सदस्य भएको एक कोष संचालक समिति गठन हुनेछः-

| | |
|---|---|
| (क) सचिव, स्वास्थ्य मन्त्रालय | अध्यक्ष |
| (ख) अध्यक्ष वी. पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल व्यवस्था समिति | सदस्य |
| (ग) सहसचिव, अर्थ मन्त्रालय बजेट महाशाखा | सदस्य |
| (घ) महानिर्देशक, अन्तःशुल्क विभाग | सदस्य |
| (ङ) महानिर्देशक, स्वास्थ्य सेवा विभाग | सदस्य |
| (च) स्वास्थ्य क्षेत्रमा काम गरेको समाज सेवी मध्येबाट श्री ५ को सरकारले मनोनयन गरेको एकजना | सदस्य |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) सदस्य सचिव, वी.पी. कोइराला मेमोरियल
क्यान्सर अस्पताल व्यवस्था समिति सदस्य-सचिव

(२) समितिले आफ्नो कार्य व्यवस्था आफै व्यवस्थित गर्न सक्नेछ ।

(३) समितिको अध्यक्ष तथा सदस्यहरूको बैठक भत्ता अर्थ मन्त्रालयको स्वीकृती लिई समितिले तोके बमोजिम हुनेछ ।

८. कोषको व्यवस्था र संचालनः (१) कोषमा जम्मा हुने रकम समितिले तोकेको बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(२) कोषको खाताको संचालन समितिले तोके बमोजिम हुनेछ ।

९. परामर्श लिन सक्नेः समितिले यस नियमावली बमोजिम आफ्नो कार्य सम्पादन गर्दा सम्बन्धित क्षेत्रमा उपयुक्त सम्झेको व्यक्ति तथा निकायसँग परामर्श लिन सक्नेछ ।

१०. लेखापरीक्षणः कोषको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

११. सहयोग गर्नुपर्नेः समितिको कार्य सम्पादनको सिलसिलामा सम्बन्धित सबै सरकारी कार्यालयले समितिलाई आवश्यक सहयोग गर्नु पर्नेछ ।

१२. श्री ५ को सरकारसँग सम्पर्कः समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्नु पर्दा स्वास्थ्य मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१३. अधिकार प्रत्यायोजनः समितिले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार समितिले अध्यक्ष, सदस्य, सदस्यहरूको उप-समिति गठन गरी त्यस्तो उप-समिति वा अन्य अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

आज्ञाले,
जीतबहादुर कार्की
श्री ५ को सरकारको सचिव



४४८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल नागरिकता ऐन, २०२० को दफा १० ले दिएको अधिकार प्रयोग गरी देहायका गैर नेपाली नागरिकहरूले प्राप्त गरेको देहायका नागरिकताको प्रमाणपत्रहरू देहायको मितिबाट रद्द गरी नेपाली नागरिकताबाट हटाएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरेको छ ।

| सि.नं. | नाम,थर | बाबुको नाम | ठेगाना | नागरिकता प्राप्त गरेको जिल्ला | नागरिकता प्रमाणपत्रको किसिम | नागरिकता प्रमाणपत्र नं. | ना.प्र.लिएको मिति | रद्द गरिएको मिति |
|---|---|---|---|---|---|---|---|---|
| १. | सुरतीया धनुकाइन (श्रीमति लक्ष्मनिया धनुकाइनको नामबाट लिएको नागरिकता) | पति भोला महतो धनुकाइन | लिप्निवेता- ५ पर्सा | पर्सा | वंशज | ५५२७०५६४ | २०४३।८।२० | २०४८।३।१४ |
| २. | लक्ष्मण महतो कोइरी | सुकदेव महतो | ढल्केबार-८,धनुषा | धनुषा | वंशज | ३५६६२११० | २०४३।२।१९ | २०४८।३।२१ |
| ३. | गिलासी थरूनी | मोती नाउ (लाल विहारी थारूलाई बाबु बनाई लिएको नागरिकता) | हाटीफर्साटिकर-४ रूपन्देही | रूपन्देही | वंशज | ६७८५८ | २०३९।१२।२० | २०४८।४।१४ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४. | राजकुमार झुनझुनवाला | शम्भु दयाल झुनझुनवाला | का.न.पा.-२२, काठमाडौं | काठमाडौं | जन्मसिद्ध | ३२७५ | २०३७।८।१ | २०४८।४।२१ |
| ५. | श्रीमति कौशल्यादेवी यादवनी | पति देवान यादव | देउरीपरवाह-६, धनुषा । | धनुषा | वै.अंगीकृत | २४८३०७८८ | ना.टो. २०४४।४५ | २०४८।८।९ |
| ६. | श्रीमती सुमित्रा देवी यादवनी | पति रामबाबु यादव | देउरीपरवाह-६ | धनुषा | वै. अंगीकृत | २४८३०७९० | ना.टो. २०४४।४५ | २०४८।८।९ |
| ७. | श्रीमती शान्ति देवी चौधरी | पति राजकिशोर चौधरी | देउरीपरवाह-७ | धनुषा | वै. अंगीकृत | २४८३१०९४ | ना.टो. २०४४।४५ | २०४८।८।९ |
| ८. | श्रीमती अमिरति देवी ठाकुर | पति महेश ठाकूर | देउरीपरवाह-८ | धनुषा | वै. अंगीकृत | २४८३१२१९ | ना.टो. २०४४।४५ | २०४८।८।९ |
| ९. | श्रीमती राम केसी यादवनी | पति राजेन्द्र यादव | देउरीपरवाह-९ | धनुषा | वै. अंगीकृत | २४८३१५५७ | ना.टो. २०४४।४५ | २०४८।८।९ |
| १०. | राम किसन शाहु | पचकौडी शाहु | तोपगाछी- ९ झापा | झापा | वंशज | मे झा ६११४। ना.नं. ९७७३२८६५८ | २०४२।४।२३ | २०४९।५।२४ |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११. | सागर चमार्नी (श्रीमती मुनेर चमारको नामबाट लिएको नागरिकता) | पति फोदार चमार उल्लेख गरी लिएको | अर्ना-२, सिराहा । | सिराहा | वंशज | ६९५ | २०४८।३।३० | २०४९।६।८ |
| १२. | भीमेन्द्र कुमार गोयल (पौडेल) | बाबुराम गोयल (पौडेल) | काठमाडौं-२७, काठमाडौं । | काठमाडौं | वंशज | ६५४२ | २०३८।११।२६ | २०४९।६।८ |
| १३. | अनील कुमार गुरुङ | मीन ब. गुरुङ बाबु देखाई | दार्जिलिङ मिरिक (जौवारी-४, गोर्खा राखी लिएको) | गोरखा | वंशज | ३४७७६ | २०४९।४।२७ | २०४९।७।६ |
| १४. | राजकुमार गुप्ता | रघुनाथ गुप्ता | भरतपुर-३, चितवन | चितवन | वंशज | ५२०६३ | २०४९।६।२६ | २०४९।११।२१ |
| १५. | नेल जौ गुरूङ | कर्ण बहादुर गुरूङ | काठमाडौं-६, काठमाडौं | काठमाडौं | वंशज | ३०१६ | २०४०।७।१५ | २०५०।७।२४ |
| १६. | इन्द्र चन्द्र बोथरा | फत्ते चन्द बोथरा | विराटनगर-१२, मोरङ | मोरङ | वंशज | ३६५३० | २०४९।७।४ | २०५०।९।२ |
| १७. | राम उग्रह कोहार | विल्लर कोहार (बेचन कोहारलाई बाबु बनाई) | नवलपरासी । | नवलपरासी | जन्मसिद्ध | १५७५२ | २०३५।६।१३ | २०५०।१२।२९ |
| १८. | विक्रम कोहार | राम उग्रह कोहार | नवलपरासी । | " | वंशज | १४७०५ | २०५०।७।१ | २०५०।१२।२९ |
| १९. | राम खेलावन पाण्डे (राम खेलावन उपाध्याय बनी लिएको नागरिकता) | सत्यनारायण पाण्डे (चुडामणि उपाध्यायलाई बाबु बनाई) | भारत बहराइच, नामपारा | बाँके | वंशज | ८०८३।१८४२ | २०४३।१।७ | २०५०।१२।२९ |
| २० | मैनुद्दिन खाँ | सुलेमान खाँ (मोहम्मद गनी खाँलाई बाबु बनाई) | कुश्मा-३, नवलपरासी | नवलपरासी | वंशज | ११८४ | २०२९।१०।२४ | २०५१।१।८ |
| २१. | हुसेनी भर | दशै भर (मुसई भरलाई बाबु बनाई | स्वाठी गा.वि.स.-७, नवलपरासी । | " | वंशज | ५७२८ | २०३४।१।२६ | २०५१।१।२१ |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २२. | संजय ब. शाह | वीरेन्द्र शाह | का.न.पा.-३१, काठमाडौं | ललितपुर | वंशज | ४१२ | २०४६।९।२३ | २०५१।१।२३ |
| २३. | शित्तल दास तत्मा (निरज दास तत्माको नामबाट लिएको) | झपडी दास तत्मा (वासुदेव दास तत्मालाई बाबु बनाई) | भारत, पर्साग्राम कुर्था-६, धनुषा ठेगाना देखाई) | धनुषा | वंशज | ५१६५२९८३ | २०४९।८।३ | २०५१।३।२३ |
| २४. | कपिल राई | पदबम ब. राई | का.न.पा.-३३, काठमाडौं | काठमाडौं | वंशज | ४१३५ | २०४७।८।१७ | २०५१।३।२३ |
| २५. | नन्दलाल शाह | गोपाल शाह | विराटनगर-७, मोरङ | मोरङ | जन्मसिद्ध | ६९।०३८।३९ ना.नं. १५९३००१ | २०३८।३।२९ | २०५१।५।२० |
| २६. | अवधेश कुमार शाह | नन्दलाल शाह | विराटनगर-८, मोरङ | " | वंशज | १।१०६७।१९ | २०४६।२।१९ | २०५१।५।२० |
| २७. | अखिलेश कुमार शाह | नन्दलाल शाह | विराटनगर-८, मोरङ | " | वंशज | १।१०५९।२० | २०४६।२।१८ | २०५१।५।२० |
| २८. | रामचन्द्र फुयल (भूटानी) | मनहरी फुयाललाई बाबु बनाई | भूटान (पिपरा-६, बारा ठेगाना देखाई) | बारा | वंशज | २६५९।२०९३ | २०४९।४।१९ | २०५१।८।४ |
| २९. | अमन तुल्लाह देवान | दोष महम्मद देवाल | भारत चम्पारन (छतवा-७, बारा ठेगाना देखाई) | बारा | वंशज | १४४०।२०।३२ | २०४६।११।५ | २०५१।८।४ |
| ३०. | पारस कुमार शर्मा | शिव कुमार शर्मा | का.न.पा.-२३, झोछें | काठमाडौं | वंशज | १३०४१ | २०४०।१।११ | २०५१।९।२६ |
| ३१. | प्रकाश क्षेत्री | किशन क्षेत्री | कालिङपोङ, भारत | काठमाडौं | वंशज | ४६१६ | २०३९।७।१९ | २०५१।९।२६ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३२. | राजकुमार राई | हेमबहादुर राई | खर्साङ, भारत (किर्तिपुर नहिर-५, काठमाडौं देखाई) | काठमाडौं | वंशज | २८८२ | २०४०।६।१७ | २०५१।१०।१० |
| ३३. | सुभाष कुमार राई | हेम बहादुर राई | खर्साङ, भारत (किर्तिपुर नहिर-५, काठमाडौं देखाई) | काठमाडौं | वंशज | ७९९७ | २०४७।१२।१४ | २०५१।१०।१० |
| ३४. | सागर राई | हेम बहादुर राई | खर्साङ, भारत (किर्तिपुर नहिर-५, काठमाडौं देखाई) | काठमाडौं | वंशज | ८८८० | २०४८।१।२८ | २०५१।१०।१० |
| ३५. | आत्माराम कुर्मी | फोजदार कुर्मीलाई बाबु बनाई लिएको | भारत, बहराइच थाना रुपेडिया | बर्दिया | वंशज | ४१७३।९०१४ ५२२६ | २०४४।१०।१२ | २०५१।१०।१२ |

आज्ञाले,
रेवती रमण पोखरेल
श्री ५ को सरकारको का.मु. सचिव

६५०



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४४) काठमाडौं, चैत २० गते २०५१ साल (संख्या ५०

## भाग ३

### श्री ५ को सरकार

### स्वास्थ्य मन्त्रालयको सूचना १

श्री ५ को सरकारले वीर अस्पताल विकास समिति (गठन) आदेश, २०३७ को दफा ३ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी वीर अस्पताल विकास समितिको सदस्यमा देहायबमोजिम थपघट तथा हेरफेर गरेको छ ।

(क) श्री ५ को सरकारद्वारा सेवा निवृत्त वरिष्ठ चिकित्सकहरू मध्येबाट मनोनीत व्यक्ति — अध्यक्ष

(ख) श्री ५ को सरकारद्वारा लब्ध प्रतिष्ठित समाजसेवीहरू मध्येबाट मनोनीत तीनजना — सदस्य

(ग) प्रतिनिधि (राजपत्राङ्कित प्रथम श्रेणी), स्वास्थ्य मन्त्रालय — सदस्य

(घ) समितिको सिफारिशमा श्री ५ को सरकारद्वारा मनोनीतः–

(१) कन्सल्टेण्ट चिकित्सकहरू मध्येबाट चारजना — सदस्य

(२) रजिष्ट्रार तथा मेडिकल अधिकृतहरू मध्येबाट दुईजना — सदस्य

(३) पारामेडिकल तथा नर्सिङ स्टाफहरू मध्येबाट क्रमानुसार एक-एक वर्षको लागि पालो-पालो गरी एकजना — सदस्य

४५९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) उपनिर्देशक (प्रा.), वीर अस्पताल — सदस्य
(च) मेट्रोन, वीर अस्पताल — सदस्य
(छ) निर्देशक, वीर अस्पताल — सदस्य-सचिव

## सूचना २

श्री ५ को सरकारले कान्ति बाल अस्पताल विकास समिति (गठन) आदेश, २०४० को दफा ३ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी कान्ति बाल अस्पताल विकास समितिको सदस्यमा देहाय बमोजिम थपघट तथा हेरफेर गरेको छ ।

(क) श्री ५ को सरकारद्वारा सेवा निवृत्त वरिष्ठ चिकित्सकहरू मध्येबाट मनोनीत व्यक्ति — अध्यक्ष
(ख) श्री ५ को सरकारद्वारा लब्ध प्रतिष्ठित समाजसेवीहरू मध्येबाट मनोनीत बढीमा तीनजना — सदस्य
(ग) प्रतिनिधि (राजपत्रांकित द्वितीय श्रेणी), स्वास्थ्य मन्त्रालय — सदस्य
(घ) समितिको सिफारिशमा श्री ५ को सरकारद्वारा मनोनीतः—
  (१) कन्सल्टेण्ट चिकित्सकहरू मध्येबाट बढीमा तीनजना — सदस्य
  (२) मेडिकल अधिकृतहरू मध्येबाट एकजना — सदस्य
  (३) पारामेडिकल तथा नर्सिङ स्टाफहरू मध्येबाट क्रमानुसार एक-एक वर्षको लागि पालो-पालो गरी एकजना — सदस्य
(ङ) उप-निर्देशक (प्रा.), कान्ति बाल अस्पताल — सदस्य
(च) मेट्रोन, कान्ति बाल अस्पताल — सदस्य
(छ) निर्देशक, कान्ति बाल अस्पताल — सदस्य-सचिव

## सूचना ३

श्री ५ को सरकारले परोपकार श्री ५ इन्द्र राज्यलक्ष्मी देवी प्रसूति गृह विकास समिति (गठन) आदेश, २०४६ को दफा ३ को उपदफा ३.४ ले दिएको अधिकार प्रयोग गरी परोपकार श्री ५ इन्द्र राज्यलक्ष्मी देवी प्रसूति गृह विकास समितिको सदस्यमा देहाय-बमोजिम थपघट तथा हेरफेर गरेको छ ।

३.२.१ श्री ५ को सरकारद्वारा सेवा निवृत्त वरिष्ठ चिकित्सकहरू मध्येबाट मनोनीत व्यक्ति — अध्यक्ष
३.२.२ श्री ५ को सरकारद्वारा लब्ध प्रतिष्ठित समाजसेवीहरू मध्ये-बाट मनोनीत बढीमा तीनजना — सदस्य
३.२.३ प्रतिनिधि (राजपत्रांकित द्वितीय श्रेणी), स्वास्थ्य मन्त्रालय — सदस्य


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.२.४ समितिको सिफारिशमा श्री ५ को सरकारद्वारा मनोनीतः–

(क) कन्सल्टेण्ट चिकित्सकहरू मध्येबाट बढीमा तीनजना – सदस्य

(ख) मेडिकल अधिकृतहरू मध्येबाट एकजना – सदस्य

(ग) पारामेडिकल तथा नर्सिङ स्टाफहरू मध्येबाट क्रमानुसार एक-एक वर्षको लागि पालो-पालो गरी एकजना – सदस्य

३.२.५ उपनिर्देशक (प्रा.), प्रसूति गृह – सदस्य

३.२.६ मेट्रोन, प्रसूति गृह – सदस्य

३.२.७ निर्देशक, प्रसूति गृह – सदस्य-सचिव

## सूचना ४

श्री ५ को सरकारले टेकु अस्पताल विकास समिति (गठन) आदेश, २०४६ को दफा ३ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी टेकु अस्पताल विकास समितिको सदस्यमा देहाय बमोजिम थपघट तथा हेरफेर गरेको छ ।

(क) श्री ५ को सरकारद्वारा सेवा निवृत्त वरिष्ठ चिकित्सकहरू मध्येबाट मनोनीत व्यक्ति – अध्यक्ष

(ख) श्री ५ को सरकारद्वारा लब्ध प्रतिष्ठित समाजसेवीहरू मध्येबाट मनोनीत बढीमा तीनजना – सदस्य

(ग) प्रतिनिधि (राजपत्रांकित द्वितीय श्रेणी), स्वास्थ्य मन्त्रालय – सदस्य

(घ) समितिको सिफारिशमा श्री ५ को सरकारद्वारा मनोनीतः–

(१) कन्सल्टेण्ट चिकित्सकहरू मध्येबाट बढीमा तीनजना – सदस्य

(२) मेडिकल अधिकृतहरू मध्येबाट एकजना – सदस्य

(३) पारामेडिकल तथा नर्सिङ स्टाफहरू मध्येबाट क्रमानुसार एक-एक वर्षको लागि पालो-पालो गरी एकजना – सदस्य

(ङ) उपनिर्देशक (प्रा.), टेकु अस्पताल – सदस्य

(च) मेट्रोन, टेकु अस्पताल – सदस्य

(छ) निर्देशक, टेकु अस्पताल – सदस्य-सचिव

## सूचना ५

श्री ५ को सरकारले पश्चिमाञ्चल क्षेत्रीय अस्पताल विकास समिति (गठन) आदेश, २०४३ को दफा ३ को उपदफा (५) ले दिएको अधिकार प्रयोग गरी पश्चिमाञ्चल क्षेत्रीय अस्पताल विकास समितिको सदस्यमा देहाय बमोजिम थपघट तथा हेरफेर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) श्री ५ को सरकारद्वारा लब्ध प्रतिष्ठित समाजसेवीहरू मध्येबाट मनोनीत व्यक्ति – अध्यक्ष
(ख) निर्देशक, पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालय – उपाध्यक्ष
(ग) सभापति, जिल्ला विकास समिति, कास्की – सदस्य
(घ) प्रमुख, पोखरा नगरपालिका – सदस्य
(ङ) श्री ५ को सरकारद्वारा लब्ध प्रतिष्ठित समाजसेवीहरू मध्येबाट मनोनीत दुईजना – सदस्य
(च) समितिको सिफारिशमा श्री ५ को सरकारद्वारा मनोनीतः–
(१) कन्सल्टेण्ट चिकित्सकहरू मध्येबाट दुईजना – सदस्य
(२) मेडिकल अधिकृतहरू मध्येबाट एकजना – सदस्य
(३) पारामेडिकल तथा नर्सिङ स्टाफहरू मध्येबाट क्रमानुसार एक एक वर्षको लागि पालो-पालो गरी एकजना – सदस्य
(छ) उपनिर्देशक, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल – सदस्य
(ज) मेट्रोन, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल – सदस्य
(झ) मेडिकल सुपरिन्टेण्डेण्ट, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल – सदस्य-सचिव

## सूचना ६

श्री ५ को सरकारले नारायणी उप-क्षेत्रीय (सब रिजनल) अस्पताल विकास समिति (गठन) आदेश, २०४६ को दफा ३ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी नारायणी उप-क्षेत्रीय (सब रिजनल) अस्पताल विकास समितिको सदस्यमा देहाय बमोजिम थपघट तथा हेरफेर गरेको छ।

(क) श्री ५ को सरकारद्वारा लब्ध प्रतिष्ठित समाजसेवीहरू मध्येबाट मनोनीत व्यक्ति – अध्यक्ष
(ख) सभापति, जिल्ला विकास समिति, पर्सा – सदस्य
(ग) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, पर्सा – सदस्य
(घ) प्रमुख, वीरगञ्ज नगरपालिका – सदस्य
(ङ) श्री ५ को सरकारद्वारा लब्ध प्रतिष्ठित समाजसेवीहरू मध्येबाट मनोनीत दुईजना – सदस्य
(च) समितिको सिफारिशमा श्री ५ को सरकारद्वारा मनोनीतः–
(१) विशेषज्ञ डाक्टरहरू मध्येबाट दुईजना – सदस्य
(२) मेडिकल अधिकृतहरू मध्येबाट एकजना – सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) पारामेडिकल तथा नर्सिङ स्टाफहरू मध्येबाट क्रमानुसार एक-एक वर्षको लागि पालो-पालो गरी एक जना — सदस्य

(छ) मेडिकल सुपरिन्टेण्डेण्ट, नारायणी उप-क्षेत्रीय (सब रिजनल) अस्पताल — सदस्य-सचिव

## सूचना ७

श्री ५ को सरकारले भेरी अञ्चल अस्पताल विकास समिति (गठन) आदेश, २०४१ को दफा ३ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी भेरी अञ्चल अस्पताल विकास समितिको सदस्यमा देहाय बमोजिम थपघट तथा हेरफेर गरेको छ ।

(क) श्री ५ को सरकारद्वारा लब्ध प्रतिष्ठित समाजसेवीहरू मध्येबाट मनोनीत व्यक्ति — अध्यक्ष

(ख) सभापति, जिल्ला विकास समिति, बाँके — सदस्य

(ग) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, बाँके — सदस्य

(घ) प्रमुख, नेपालगञ्ज नगरपालिका — सदस्य

(ङ) श्री ५ को सरकारद्वारा लब्ध प्रतिष्ठित समाजसेवीहरू मध्येबाट मनोनीत दुईजना — सदस्य

(च) समितिको सिफारिशमा श्री ५ को सरकारद्वारा मनोनीतः–

(१) विशेषज्ञ डाक्टरहरू मध्येबाट दुईजना — सदस्य

(२) मेडिकल अधिकृतहरू मध्येबाट एकजना — सदस्य

(३) पारामेडिकल तथा नर्सिङ स्टाफहरू मध्येबाट क्रमानुसार एक-एक वर्षको लागि पालो-पालो गरि एकजना — सदस्य

(छ) मेडिकल सुपरिन्टेण्डेण्ट, भेरी अञ्चल अस्पताल — सदस्य-सचिव

## सूचना ८

श्री ५ को सरकारले मेची अञ्चल अस्पताल विकास समिति (गठन) आदेश, २०४५ को दफा ३ को उपदफा ३.४ ले दिएको अधिकार प्रयोग गरी मेची अञ्चल अस्पताल विकास समितिको सदस्यमा देहाय बमोजिम थपघट तथा हेरफेर गरेको छ ।

३.२.१ श्री ५ को सरकारद्वारा लब्ध प्रतिष्ठित समाजसेवीहरू मध्येबाट मनोनीत व्यक्ति —अध्यक्ष

३.२.२ सभापति, जिल्ला विकास समिति, झापा —सदस्य

३.२.३ प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, झापा —सदस्य

३.२.४ प्रमुख, भद्रपुर नगरपालिका —सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.२.५ श्री ५ को सरकारद्वारा लब्ध प्रतिष्ठित समाजसेवीहरू मध्येबाट मनोनीत दुईजना —सदस्य

३.२.६ समितिको सिफारिशमा श्री ५ को सरकारद्वारा मनोनीतः–

(क) विशेषज्ञ डाक्टरहरू मध्येबाट दुईजना —सदस्य

(ख) मेडिकल अधिकृतहरू मध्येबाट एकजना —सदस्य

(ग) पारामेडिकल तथा नर्सिङ स्टाफहरू मध्येबाट क्रमानुसार एक-एक वर्षको लागी पालो-पालो गरी एकजना —सदस्य

३.२.७ मेडिकल सुपरिन्टेन्डेण्ट, मेची अञ्चल अस्पताल —सदस्य-सचिव

## सूचना ९

श्री ५ को सरकारले कोशी अञ्चल अस्पताल विकास समिति (गठन) आदेश, २०४३ को दफा ३ को उपदफा (५) ले दिएको अधिकार प्रयोग गरी कोशी अञ्चल अस्पताल विकास समितिको सदस्यमा देहाय बमोजिम थपघट तथा हेरफेर गरेको छ ।

(क) श्री ५ को सरकारद्वारा लब्ध प्रतिष्ठित समाजसेवीहरू मध्येबाट मनोनीत व्यक्ति —अध्यक्ष

(ख) सभापति, जिल्ला विकास समिति, मोरङ —सदस्य

(ग) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, मोरङ —सदस्य

(घ) प्रमुख, विराटनगर नगरपालिका —सदस्य

(ङ) श्री ५ को सरकारद्वारा लब्ध प्रतिष्ठित समाजसेवीहरू मध्येबाट मनोनीत दुईजना —सदस्य

(च) समितिको सिफारिशमा श्री ५ को सरकारद्वारा मनोनीतः–

(१) विशेषज्ञ डाक्टरहरू मध्येबाट दुईजना —सदस्य

(२) मेडिकल अधिकृतहरू मध्येबाट एकजना —सदस्य

(३) पारामेडिकल तथा नर्सिङ स्टाफहरू मध्येबाट क्रमानुसार एक एक वर्षको लागि पालो-पालो गरी एकजना —सदस्य

(छ) मेडिकल सुपरिन्टेन्डेण्ट, कोशी अञ्चल अस्पताल —सदस्य-सचिव

## सूचना १०

श्री ५ को सरकारले सगरमाथा अञ्चल अस्पताल विकास समिति (गठन) आदेश, २०४५ को दफा ३ को उपदफा ३.४ ले दिएको अधिकार प्रयोग गरी सगरमाथा अञ्चल अस्पताल विकास समितिको सदस्यमा देहाय बमोजिम थपघट तथा हेरफेर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।